बैठक संख्याः १० /०७८

मितिः २०७८/०६/१२

<u>निर्णयहरू:</u>

१. प्रदेश मन्त्रालयहरुमा सरुवा भई आउनुभएका प्रदेश सचिवज्यूहरुलाई स्वागत गर्दै सफल कार्यकालका लागि शुभकामना व्यक्त गरियो।

२. आगामी सचिव बैठकमा २०७८ बैशाख पश्चात सम्पन्न सचिव बैठकका निर्णय कार्यान्वयनको समीक्षा गरिने भएको हुँदा निर्णय कार्यान्वयनको अवस्था र सो सम्बन्धमा भए गरेको प्रगति सहित आवश्यक तयारीका साथ सबै मन्त्रालय/निकायका सचिवज्यूहरु आगामी सचिव बैठकमा उपस्थित हुने।

३. प्रदेशस्तरीय अनुगमन मुल्याङ्कन समितिको मिति २०७८/०५/१७ को बैठकको निर्णय कार्यान्वयनको अवस्था र सो सम्बन्धमा भए गरेको प्रगति आगामी सचिव बैठकमा पेश गर्ने।

४. आ-आफ्नो मन्त्रालय/निकाय अन्तर्गत रहेको बेरुजुको अद्यावधिक विवरण तयार गरी बेरुजु फछ्यौंट सम्बन्धमा हालसम्म भए गरेका प्रयास र प्रगति विवरण आगामी सचिव बैठकमा पेश गर्ने।

५. आर्थिक वर्ष २०७७/७८ को लेखा परिक्षणका सम्बन्धमा महालेखा परिक्षकको कार्यालयबाट प्राप्त नीतिगत मार्गदर्शन र कार्यतालिका बमोजिम लेखापरिक्षण गराउन आर्थिक विवरण लगायतका कागजात दुरुस्त राख्ने, राख्न लगाउने। लेखापरिक्षणको क्रममा सम्परीक्षण गराउन सकिने विषयमा आवश्यक प्रमाण जुटाइ निर्णय गर्नुपर्ने अवस्थामा निर्णय समेत गरी तयारी अवस्थामा रहने।

६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयबीच आवश्यक समन्वय गरी चाडपर्वको समयमा आपूर्ती व्यवस्था सहज बनाउने व्यवस्था मिलाउने र बजार अनुगमनलाई प्रभावकारी बनाउने। सो सम्बन्धी प्रशासनिक संरचनालाई कृयाशिल बनाउने।

७. चाडबाडको समयमा शान्ति सुव्यवस्था कायम राख्न एवं सम्भावित दुर्घटना वा विपद् व्यवस्थापनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयले आवश्यक पहल तथा समन्वय गर्ने।